आर्थिक बर्ष २०८३/०८४ को

# एघारौं नीति, बजेट तथा कार्यक्रम

# पोखरिया नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**पोखरिया, पर्सा**
**मधेश प्रदेश, नेपाल**

**असार १० गते बुधबार**

# नेपालको नक्सा


N
सुदूर पश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
बागमती प्रदेश
प्रदेश नं. १
लुम्बिनी प्रदेश
मधेश प्रदेश
काठमाडौं
भक्तपुर
ललितपुर
दार्चुला
बैतडी
बझाङ
बाजुरा
डडेलधुरा
डोटी
अछाम
कञ्चनपुर
कैलाली
हुम्ला
मुगु
जुम्ला
कालिकोट
डोल्पा
दैलेख
जाजरकोट
रुकुम पश्चिम
सुर्खेत
सल्यान
रुकुम पूर्व
मुस्ताङ
म्याग्दी
मनाङ
गोरखा
लम्जुङ
कास्की
पर्वत
बाग्लुङ
स्याङ्जा
तनहु
नवलपुर
बर्दिया
बाँके
दाङ
रोल्पा
प्युठान
गुल्मी
अर्घाखाँची
पाल्पा
कपिलवस्तु
रुपन्देही
परासी
रसुवा
नुवाकोट
सिन्धुपाल्चोक
धादिङ
दोलखा
काभ्रेपलाञ्चोक
चितवन
मकवानपुर
रामेछाप
सिन्धुली
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सिराहा
सप्तरी
सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुंगा
खोटाङ
भोजपुर
तेह्रथुम
पाँचथर
धनकुटा
इलाम
उदयपुर
सुनसरी
मोरङ
झापा


सयौं थुङ्गा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।
ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

# पोखरिया नगरपालिका

## पोखरिया, पर्सा

# एघारौं नीति, बजेट तथा कार्यक्रम

## आ.व. २०८३/०८४

## कार्यसूची

- सभा सदस्यहरुको उपस्थिति
- सभाध्यक्षको सभामा प्रवेश
- राष्ट्रियगान
- ज्ञात अज्ञात सहिद प्रति श्रद्धान्जली अर्पण गर्ने
- आर्थिक वर्ष २०८३/०८४ को नीति, बजेट तथा कार्यक्रम नगर सभा समक्ष पेश, दफावार छलफल र निर्णयार्थ पेश।
- आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी विधेयक २०८३ नगर सभा समक्ष पेश दफावार छलफल र निर्णयार्थ पेश।
- आर्थिक वर्ष २०८३/०८४ को विनियोजन विधेयक २०८३ नगर सभा समक्ष पेश दफावार छलफल र निर्णयार्थ पेश।
- नगर सभामा अनुमोदनका लागि आ.व. २०८३/०८४ मा भए गरेका निर्णय तथा कार्यहरु सभामा पेश गर्ने
- अन्य विभिन्न प्रस्ताव सभामा पेश गर्ने

# नगर सभा

## बजेट बक्तव्य

यस पोखरिया नगरपालिकाको गरिमामय एघारौं नगर सभाका सभाध्यक्ष महोदय, विषेश अतिथि ज्यू, उपस्थित स्थानीय तहका निर्वाचित जनप्रतिनिधि ज्यूहरु, नेकपा एमालेका केन्द्रिय नेता, लोसपा का केन्द्रिय नेता, जिल्ला अध्यक्ष, नेपाली काग्रेसका क्षेत्रीय सभापति, नेकपा एमाले, नेपाली काग्रेस, नेकपा माओवादी केन्द्र, लोसपा, जसपा, नेपाल मजदुर किसान पार्टी, नेपाल शुसासन पार्टीका नगर अध्यक्ष ज्यूहरु वा पार्टी प्रतिनिधि ज्यूहरु, निवर्तमान नगर प्रमुख, निबर्तमान नगर उप प्रमुख ज्यू, अतिथि ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सुरक्षाकर्मी ज्यूहरु, पत्रकार ज्यूहरु र यस नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी ज्यूहरु, समाजसेवीहरु, शिक्षाप्रेमीहरु, निर्माण व्यवसायीहरु, व्यापारीहरु तथा समुदायका प्रतिष्ठित व्यक्तित्वहरुमा सर्वप्रथम म न्यानो हार्दिक अभिवादन र स्वागत गर्न चाहन्छु ।

**<u>नगर सभा अध्यक्षज्यू नगर सभामा प्रवेश र राष्ट्रिय गान</u>**

**अध्यक्षज्यूबाट नगर सभा सञ्चालन सुरु**

गरिमामय नगर सभाका सभासद ज्यूहरु सवैलाई यस एघारौं नगर सभामा हार्दिक स्वगत गर्दछु ।

जन आन्दोलन २०४६ र २०६२ तथा मधेश आन्दोलन २०६२ एवम् आन्दोलनको परिणामस्वरुप स्थापित भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रत्याभूति एवम् २०८२ साल भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलनको भावनाको आत्मसाथ र संरक्षणको लागि नेपालका तीन तहका सरकारको आपसी सहकार्यमा समृद्ध नेपाल सुखी नेपाली कार्यक्रमहरुलाई मूर्त रुप दिन समृद्ध नगर सुखी नगरबासीको जगमा आज हामीलाई खडा गर्न आफ्नो प्राणको आहुती दिने सम्पूर्ण नेपाली ज्ञात, अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सहिदहरुको सम्मानमा एक मिनेट मौन धारण गर्नको लागि अनुरोध गर्दछु ।

**<u>सभामा सहिदहरु प्रति एक मिनेट मौन धारण ।</u>**

नगर सभा सञ्चालन कार्यविधि वमोजिम मेरो अनुमतिले सदस्य सचिवबाट सभा तयारी, कार्यसूची तथा व्यस्थापन एवं आवश्यक सहयोगका लागि भएको व्यवस्था यहाँहरुमा जानकारी भईसकेको छ । सोही अनुसार सभा सञ्चालन भएको घोषणा गर्दछु ।

**सभाध्यक्षज्यूबाट कार्यसूची अनुसार एघारौं नगर सभा सञ्चालन ।**

सभाध्यक्षज्यूबाट आर्थिक वर्ष २०८३/०८४ को नीति, बजेट तथा कार्यक्रम, नगर सभा समक्ष पेश गर्न अनुमति चाहन्छु ।

# भाग –१

**<u>पोखरिया नगरपालिकाको एघारौं नगर सभामा पेश गरिएको नीति बजेट तथा कार्यक्रम</u>**

पोखरिया नगरपालिकाको नगर सभामा नगर प्रमुख श्री प्रदुमन प्रसाद चौहान ज्यूको तर्फबाट नगर उप-प्रमुख श्री रुवी कुमारी ठाकुरद्धारा प्रस्तुत नीति, बजेट तथा कार्यकम ।

सर्वप्रथम गौरवमय एघारौं नगर सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न प्राण आहुति गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

पर्सा जिल्लाको दोश्रो सदरमुकामको रुपमा पहिचान कायम गरेको यो नगरपालिकाको तीव्र विकास र समृद्धिको कार्यदिशा अघि बढाउन र यहाँका समस्त नागरिकको सुखीर समृद्ध जीवनको लागि हामीलाई यो महत्वपूर्ण जिम्मेवारी र कार्यभार सुम्पने सबै नगरबासी, शुभेच्छुक र सरोकारवाला प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

पोखरिया नगरपालिकाको केन्द्र पोखरिया बजार जोड्ने सडक बाहेक अधिकांश सडकहरु धुलाम्मे रहेकोले पूर्वाधार विकासको अवस्था अत्यन्तै नाजुक रहेको छ । यस नगरपालिका भित्र दुई वटा मात्र माध्यमिक तहको विद्यालय रहेको, भएका विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था कमजोर रहेको विद्यार्थी र शिक्षकको दरवन्दी अनुपात नमिलेको, भएको दरबन्दी समेत रित्त रहेको कारण शिक्षा क्षेत्रको विकासमा यो पालिका पछाडी परेको छ । नगरपालिका कार्यालय लगायत शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवातर्फ दरवन्दी अनुसार जनशक्ति नहुनु तथा भएका जनशक्ति समेत तालिमको अभावमा सेवाप्रवाहमा अपेक्षित नतिजा आईरहेको छैन । यस नगरपालिकाका अधिकाँश बासिन्दा कृषिमा निर्भर रहेको, दलित लगायत अधिकांश नगरवासीसँग खेती योग्य जग्गाको कमीको कारण गरिवीको रेखामुनि जीवनयापन गर्न बाध्य रहेको अवस्था छ । जसले नगरपालिकाको आन्तरिक स्रोत अभिबृद्धिमा समेत चुनौती खडा गरेको छ । लामो समय देखी नगर विकास समितिले गरेको जग्गा अधिग्रहण सम्वन्धी कार्यले सफलता प्राप्त गरेकोले अब ब्यवस्थित बस्ती विकासको अवधारणा अनुरुप व्यवस्थित नगर विकासको काम आउने आ.व. २०८३/०८४ मा सुरु गरिनेछ । यी विभिन्न समस्या र चुनौतीका बावजुद नेपाली नागरिकले बिभिन्न समयमा गरेका वलिदान स्वरुप प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान र यसको कार्यान्वयनबाट तीन तहका सरकारहरु ब्यवहारमा कार्यान्वयन हुदैछन । नगरपालिकाका नागरिक र जनप्रतिनिधिमा रहेको नगर विकासको अठोटले यस नगरपालिकाको उज्वल भविष्य तर्फ दिशानिर्देश गर्दैछ ।

यस पोखरिया नगरपालिका भित्र पर्यटकीय सौन्दर्य बढाउनको लागि पार्क निर्माण स्थानको छनौट गरि पार्क निर्माण थालनी गरिनेछ र वातावरणीय सन्तुलन तथा मौसम अनुकुल राख्न तिब्र गतिले बृक्षारोपन गरिनेछ । साथै यस नगरपालिकाले आगामी आ.व.मा विशेष प्राथमिक्ता साथ निम्न नीतिरुको परिधिमा रहि निरन्तर कार्यान्वयन गरिनेछ ।

- व्यवस्थित नगर विकासको प्रारम्भ सँगै सरसफाई तथा फोहोर व्यवस्थापनको लागि उपयुक्त स्थानको छनौट गरि बैज्ञानिक फोहोर व्यवस्थापन गर्न Land FIll Site निर्माण विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरि फोहोर व्यवस्थापनमा निजि तथा सामाजिक संस्थासंग सहकार्य गर्ने नीति लिईनेछ ।
- नगरपालिकाको आन्तरिक सुशासन अभिबृद्धि सेवा प्रवाहमा प्रभावकारिता र विकास निर्माणको कामलाई मितव्ययी र प्रभावकारी बनाउन प्रचलित कानुनको पालना, योजना व्यवस्थापनमा क्षमता अभिबृद्धि, सूचना प्रविधिको प्रयोग गर्दै सार्वजनिक खरिद कानुन तथा नियमको प्रयोगलाई वढावा दिईनेछ ।
- कर्मचारीहरुको क्षमता विकास तथा सेवा सुविधमा अभिवृद्धि गरि कार्यक्षमता अभिबृद्धि गर्ने नीति लिईनेछ । यसका लागि अगामी आर्थिक बर्षमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गराई चुस्त कर्मचारी संरचना तयार गरिनेछ । साथै हाल करार तथा ज्यालादारीमा रहेका कर्मचारीहरु मध्ये विगतमा नगरसभाबाट कायम दरवन्दि भित्र रहि प्रतिस्पर्धाबाट आएका र जि.वि.स तथा पालिकाबाट समायोजन भई आएकालाई मात्र कायम राख्ने नीति लिईनेछ । त्यसै गरि कार्यपालिकामा तथा मातहतका निकायहरुमा अत्यावश्यक र अपरिहार्य रहेका नगर प्रहरी तथा सरसफाई पदहरु अल्पकालिन रुपमा उपयुक्त तरिकाले परिपुर्ति गर्दै दिर्घकालमा लोकसेवा आयोग मार्फत पदपुर्ति गर्ने/गराउने नीति लिईनेछ ।
- गत विगत वर्षहरुमा नगरपालिकाको आन्तरिक श्रोत तर्फ विनियोजन भई रकम अभावमा समपन्न हुन नसकेका योजना सम्पन्न गर्ने, भुक्तानी वाकी योजनाको भुक्तानी सुनिश्चित गर्ने र यसै आर्थिक वर्षमा नगरपालिकाको सिर्जित आर्थिक दायित्वलाई सन्तुलनमा ल्याई सुन्य दायित्व बाँकी राख्ने नीति लिईनेछ ।
- कार्यालयको जिन्सी सामान व्यवस्थापनको कार्यलाई वर्ष भरिको मांग आकलन गरि एकमुष्ट रुपमा प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्ने नीति लिई खरिदलाई पारदर्शि, प्रविधिमैत्रि बनाईनेछ ।
- वडा कार्यालयलाई कार्यालय संचालन खर्च तथा योजना संचालनको बजेट नगरपालिकाको लेखासंगको समन्वयमा सम्बन्धित वडाबाटै खाता संचालन गर्ने कार्यको लागि आवश्यक तयारी गरि थालनी गर्ने नीति लिईनेछ ।
- राष्ट्रिय सतर्कता केन्द्र तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा यस कार्यालय विरुद्ध रहेका उजुरी फछ्र्यौट लाई उच्च प्राथमिकता दिई तत् निकायबाट उठान भएका विषयमा संस्थागत र कार्यगत सुधारकालागि ठोस रणनीति अवलम्बन गरिनेछ ।
- बजार तथा नगर क्षेत्रभित्र पूर्वाधार सुधार तथा गुणस्तरियता कायम गर्न, सौन्दर्यीकरण तथा हरियाली प्रवर्द्धन गर्ने, पार्किङ्ग स्थल निर्धारण तथा व्यवस्थापन गर्ने र नगर पूर्वाधार व्यवस्थापन, मर्मत सम्भार तथा संचालनमा स्थानीय क्लब, सामुदायिक संस्थाहरु परिचालन गर्ने नीति ल्याई कार्यान्वयन गरिनेछ ।
- वजेट अनुशासन कायम गर्न, योजना तर्जुमा तथा कार्यान्वयन दक्षता हासिल गर्ने र पूर्वाधार संचालन र व्यवस्थापनमा दिगोपना कायम गर्न विज्ञ समेतको संलग्नतामा कार्यदल गठन गरि निरन्तर सूधारको नीति अवलम्बन गरिनेछ ।

- आप्रवासन, लागु औषध ओसारपोसार तथा दुर्व्यसन नियन्त्रणका लागि रोकथाम तथा उपचारात्मक उपायहरुको अवलम्बन गरिनेछ । यस क्षेत्रमा कार्यरत अन्य सरकारी तथा गैर सरकारी क्षेत्रसंग समन्वय तथा सहकार्यको नीति अवलम्बन गरिनेछ ।
- नागरिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन डिजिटल सेवा प्रवाहको लागि अध्ययन गरि क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।
- परम्परागत रुपमा हुने तालिम कार्यक्रमलाई उत्पादन र आय अर्जनमा केन्द्रित गर्दै स्थानीय सीप, सामाग्री र श्रमको उपयोग गर्ने नीति लिईनेछ ।
- सार्वजनिक, ऐलानी जग्गाको अभिलेख तयार गर्ने , त्यस्तो सम्पतिको संरक्षण गर्न नापजाँच गरि तारवार गर्ने र सार्वजनिक हित तथा सौन्दर्यीकरण गर्ने नीति लिईनेछ ।
- कार्यालयको लागि जेनेरेटर, एक्साभेटर, दमकल तथा पदाधिकारीको ईन्धन सुविधालाई नेपाल सरकारले निर्धारण गरेको तथा नगरसभाबाट स्वीकृत मापदण्डको परिधि भित्र रहि खर्च गर्ने आवश्यक बन्दोवस्त मिलाईनेछ । साथै कार्यालयको सामान, यन्त्र उपकरण र सवारी साधनको लगवुकको आधारमा व्यवस्थापन गर्ने नीति लिईनेछ ।
- नगरपालिकाको ठुला र वहुवर्षिय योजना तथा जिन्सी खरिदलाई व्यवस्थित गर्न गुरु योजना तथा बार्षिक खरिद योजना बनाई सोही बमोजिम गरिने प्रवन्ध गरिनेछ । सो का लागि कार्यालयमा खरिद एकाईको गठन गरि सवै खरिदलाई सो ईकाइ मार्फत गर्ने गरि खरिद ईकाईलाई क्रियाशिल बनाईनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु**

पर्सा जिल्लाको दोस्रो सदरमुकामको रुपमा चिनिने यस पोखरिया नगरपालिकाको आर्थिक तथा सामाजिक विकास गरि धार्मिक रुपले पर्यटकीय गन्तव्यको विकास गर्दै रोजगारी सृजना तर्फ यस नगरपालिकाको बजेट केन्द्रित हुनेछ । अगामी आर्थिक बर्षमा जिल्ला कार्यालयहरु जस्तै जिल्ला प्रशासन कार्यालय, भूमि सुधार तथा मालपोत कार्यालय, नापी कार्यालय, स्थापना भई यातायात कार्यालय तथा आन्तरिक राजस्व कार्यालय लगायतका शाखा कार्यालय यस नगरपालिका भित्र ल्याउन पहलको सुरुवात गरिएको छ ।

**यो नीति तथा कार्यक्रम र बजेटले लिएको उद्देश्य देहाय बमोजिम रहेका छन् ।**

- नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहमा आम नागरिकको सरल र सहज पहुँच अभिवृद्धि गर्ने ।
- दिगो विकासको मर्म अनुरुप भौतिक पूर्वाधारको विकास व्यवस्थापन र संचालन गर्ने ।
- स्वास्थ्य, शिक्षा, पूर्वाधार तथा कृषि क्षेत्रको विकास गर्दै आर्थिक विकास र गरिवी न्युनीकरणमा प्रत्यक्ष योगदान पुर्याउने ।
- लैगिंक समानता, समाजिक समोवेशीकरणको सिद्धान्त अनुरुप संचालन गर्ने ।
- संस्थाहरुलाई पुनः एकीकृत संञ्चालनमा ल्याई कृषि सामाग्रीहरु वितरण गरिनेछ ।
- नगरपालिकाबाट तथा वडा कार्यालयबाट दिईने सेवालाई पारदर्शी र प्रभावकारी बनाई लगिनेछ ।
- आधुनिक शहरी पूर्वाधारको निमार्ण तथा विकास ।
- सडक संञ्जालको निर्माण तथा गुणस्तरियता कायम राख्ने ।

- दक्ष जनशक्तिको विकास तथा उत्पादन र उत्पादकत्वमा अभिवृदि गर्ने ।
- मातृ शिसु स्वास्थ्य तथा सुरक्षित प्रसूति सेवाको सुनिश्चिचता गर्ने ।
- व्यवसायिक र आयमुलक कृषि तथा पशुपालनको क्षेत्रमा व्यवस्थित विकास गर्ने ।
- सहकारीको माध्यमबाट उत्पादन र उत्पादकत्वमा वृद्धि ।
- वातावरण संरक्षण तथा व्यवस्थापन ।
- बजार अनुगमन नियमन गरि बजार व्यवस्थापन ।
- महिला र दलित सशक्तिकरणका कार्यक्रम संचालन गर्ने ।
- आधुनिक र प्रविधिमैत्री नगर विकास ।
- नगर विकासका कार्यहरुलाई अगाडि बढाईनेछ ।

**श्रीमान् अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु**

अव म आ.व. २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तयार गर्दा निम्न पक्षलाई मुख्य मार्गनिर्देशकको रुपमा लिईएको छ ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकार तथा मधेश प्रदेश सरकारले तर्जुमा गरेको नीति तथा कार्यक्रम
- दिगो विकासका लक्ष्यहरु हासिल गर्ने लगायतका नेपाल सरकारले अन्तराष्ट्रिय क्षेत्रमा जनाएका प्रतिवद्धताहरु
- यस नगरपालिकाको नगर विकास योजना तथा पञ्चवर्षिय योजनाले मार्गनिर्देशन गरेको नीति तथा कार्यक्रमहरु
- नेपाल सरकार र मधेश प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक। सामाजिक लगायतका विकासका नीतिहरु ।
- आ.व. २०८२/०८३ मा प्राथमिक्ता निर्धारण भई कार्यान्वयन हुन नसकेका विषय ।

## अव म आर्थिक बर्ष २०८३/८४ मा नगरपालिकाले अवलम्बन गर्ने नीति बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**विषय क्षेत्र : सार्वजनिक व्यवस्थापन संस्थागत विकास र सुशासन**

| |
|---|
| नगरपालिकाबाट संचालन हुने सेवाहरुलाई मितव्ययी प्रभावकारी र पारदर्शी बनाइनेछ । |
| नगरपालिका र मातहतका वडा कार्यालय सेवा केन्द्र र इकाईहरुमा सेवाको प्रकार सो वापतको दस्तुर विधि प्रकृया खुल्ने Digital र विधुतिय नागरिक वडापत्रको व्यस्थापन गरिनेछ । |
| नगरपालिकाको समग्र प्रशासनिक सयन्त्रलाई छिटोछरितो सबल र जनमैत्रि बनाउन सम्पूर्ण कर्मचारीलाई कार्यविवरण जिम्मेवारी र उत्तरदायित्व एकीन गरी सेवा प्रभावलाई थप सर्बशुलभ, गुणस्तरीय, पहुचयोग्य र मितव्ययी बनाइनेछ । |
| नगरपालिका भित्र रहेका सम्पूर्ण शाखा तथा वडा कार्यालयहरुलाई साधन र श्रोतयुक्त बनाईनेछ । |
| वित्तीय सुशासन र सार्वजनिक उत्तरदायित्व अभिबृद्धिको लागि वेरुजु न्यून गर्ने तथा विगतका बाँकी वेरुजुलाई कार्ययोजना बनाई फर्छ्यौटका लागि आवश्यक पहल गरिनेछ । |

- नगरपालिकाका कर्मचारीहरुको कार्यसम्पादनलाई नतिजासंग जोड्न प्रमुख सुचकहरुमा आधारित रहेर कार्यसम्पादन नतिजाको आधारमा कार्यसम्पादन प्रोत्साहन प्रणाली विकास गर्न अध्ययन गरिनेछ ।
- नगरपालिकाको सेवा प्रवाह सम्बन्धमा मेयरसंग संवाद कार्यक्रम संचालन गरिनेछ ।
- संस्थागत स्व. मुल्याङ्कन र वित्तीय शुसासन मुल्याङ्कनबाट देखिएका कमी कमजोरीहरुलाई पहिचान गरी शुसासन प्रवर्द्धनमा जोड दिइनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि स्वदेशी तालिम तथा अवलोकन भ्रमणको व्यस्था गरिनेछ ।
- न्यायिक समितिका कामकारवाहीलाई ब्यवस्थित तथा प्रविधिमैत्री बनाउन न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताहरुलाई सूचना प्रविधिसंग सम्वन्धित विभिन्न तालिम तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- भूमिहिन, दलित भूमिहिन र अव्यवस्थित बसोबासीहरुको समस्या समाधानका लागि नेपाल सरकार तथा राष्ट्रिय भूमि आयोगसंग समन्वय गरी आवश्यक योजना तथा कार्यक्रम बनाई कार्यान्वयन प्रकृया अगाडी बढाइनेछ ।
- नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कायम हुन आएको दरबन्दी अनुरुपको नगर प्रहरी तथा अन्य आवश्यक कर्मचारीहरु कानुन बमोजिम प्रकृया पुऱ्याई भर्ना गरिनेछ ।
- नगर कार्यपालिकाको मुख्य प्रशासनिक कार्यालय, वडा कार्यालय र अन्य मातहतका कार्यालयमा बेरोजगार युवाहरुलाई Internship को अवसर दिन अध्ययन गरिनेछ । नगरपालिकाले नयाँ कर्मचारी नियुक्त गर्दा Internship गरेकाहरुलाई अनुभवका आधारमा ग्रेसमार्क दिने नीति अपनाइनेछ ।
- नगरपालिका भित्र रहेका यन्त्रहरुलाई उचित मर्मत सम्भार गरी व्यवस्थित तरिकाबाट परिचालन गर्न तालिका बनाई मर्मत संभार गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाको नया प्रशासकिय भवनको लागि DPR बनाई जग्गा तथा बजेट व्यवस्थापनको लागि संघ तथा प्रदेश सरकारसंग पहल गरिनेछ ।
- नगरपालिका भित्र हुने खरिद प्रक्रियालाई पारदर्शि तथा व्यवस्थित र जिन्सी भण्डारणको लागि आवश्यक सूचना प्रविधिको प्रयोगलाई वढावा दिईनेछ ।
- नगर उन्मुख पर्साको मध्य भागमा अवस्थित यस पोखरिया नगरपालिका भित्र संघिय सरकार संग समन्वय गरि यथाशीघ्र ईलाका प्रशासन कार्यालय, यतायात कार्यालय र आन्तरिक राजस्व कार्यालयको शाखाहरु स्थापना गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।
- नेपाल सरकार तथा विभिन्न दातृ निकायको सहयोगमा संचालन भएका गरिवी निवारणसंग सम्बन्धित कार्यक्रमलाई निरन्तरता दिन आवश्यक पहल गरिनेछ ।
- नगरक्षेत्रमा संचालन गरिने सबै प्रकारका योजना तथा कार्यक्रमहरुको कार्यतालिकामा आधारित अनुगमन गर्ने नीति अवलम्बन गरिने छ ।

- चोरीका घटना न्यूनिकरण तथा शान्ति सुरक्षा कायम गर्नको लागि पोखरिया बजार क्षेत्र भरी नयाँ सि.सि.टिभी जडान गर्ने र पुरानाको मर्मत संभार गरि संचालनमा ल्याईने छ ।
- नगर क्षेत्र भित्र भएका ऐलानी तथा सार्वजनिक जग्गाहरुको अतिक्रमण रोक्न तथा व्यवस्थित गर्नको लागि आवश्यक नीति तथा कार्ययोजना बनाईने छ ।
- नमुना टोल/नमुना वार्ड बनाउन संघ तथा प्रदेश सरकारसंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ । साथै यसका लागि मापदण्ड तथा सूचकको विकास गरिने छ ।
- यूवाहरुलाई जोखिमबाट बचाउन लागु औषध न्यूनिकरणको लागि सबै सम्बद्ध सरकारी तथा गैर सरकारी संस्थाहरुसंग समन्वय गरि रोकथामको लागि विशेष किसिमको कार्यक्रम संचालन गरिनेछ ।

## स्वास्थ्य तर्फ

- निजि क्लिनिकहरू लाई स्थानियतहमा दर्ता गराई करको दायरा भित्र ल्याईनेछ ।
- खोप सेवा तथा बाल स्वास्थ्य सेवालाई व्यवस्थित तुल्याई पुर्णखोपको दिगोपनालाई सुनिशचित्ता गरिनेछ ।
- नसर्ने रोग, मुटु रोग र मृगौलारोग यस पालिकामा ४० बर्ष माथिका जनताहरू लाई निशुल्क औषधी उपचार र समयमा बिज्ञ चिकित्सकको टोलीद्धारा चेकजाँच गरि निशुल्क औषधी बितरण कार्यक्रम संचालन गरिनेछ ।
- २०३० साल सम्म क्षयरोग मुक्त पालिका घोषणा गर्न पालिकामा क्षयरोग को सकृय खोज पडताल कार्यक्रम गरी उपचारको दायरामा ल्याईने छ ।
- सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरूलाई दिदै आयको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य संस्थाहरूलाई व्यवस्थित गर्न औषधी तथा अन्य आवश्यक सामाग्रीहरुको लागि सरकारी तथा गैर सरकारी दातृ निकायसंग गर्ने नीति लिईने छ ।
- स्वास्थ्य संस्थाहरूलाई गुण स्तरिय सेवाप्रदान गर्न र अनलाईन प्रतिवेदन गर्न सबै स्वास्थ्य संस्थाहरूमा ल्यापटप, एच.एम.आइ.एस टुल्स र नेटको ब्यवस्थापन पहल गरिने छ ।
- बिद्यालयमा किशोरी आईरन चक्कि तथा गर्भवती महिलाहरुलाई निशुल्क क्यालसियम चक्की वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- सबै जनताहरू वर्षभरी सेवा प्रदान गर्न निशुल्क औषधी बितरण गर्न पालिका बाट थप औषधी खरिद गर्ने नीति लिईने छ ।
- स्वस्थ नागरिक सम्बृद्ध पोखरिया भन्ने नाराका साथ जेष्ठ नागरिकहरुलाई निशुल्क बिशेषज्ञ शिविरको व्यवस्था गरिनेछ ।
- जनस्वास्थय प्रयोगशालाको संचालन गर्ने विषयमा अध्ययन गरिने छ ।
- नगर प्रमुख स्तरिय गर्भवती महिलाको लागि पौष्टीक आहार कार्यकम

- यस पालिका अन्तर्गत रक्तदान कार्यक्रम संचालन तथा पालिकाको जनतालाई निशुल्क रगतको व्यवस्थापनको नीति लिईने छ ।

शिक्षा तर्फ

- आधारभूत तहको कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्व्यनमा ल्याइनेछ ।
- आवश्यक शिक्षक दरबन्दी मिलानको प्रकृयालाई अगाडि वढाउन निरन्तरता दिईनेछ ।
- आधारभूत शिक्षामा विपन्न बालबालिकाको पहुचका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- बिद्यालयमा अध्ययनरत छात्राहरुका लागि नि:शुल्क आइरन चक्की तथा निशुल्क स्यानिटरी प्याड वितरण गर्ने नीति लिईनेछ ।
- वडा नं. १० मा संचालनमा आएको विद्यालयलाई पूर्वाधार सहित अन्य सम्पुर्ण व्यस्थापन गरि पठन पाठनलाई व्यवस्थित गरिनेछ ।
- प्रारम्भिक बालविकास केन्द्र देखि कक्षा ६ सम्म सबै बालबालिकाहरुको लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्न निरन्तरता दिईनेछ ।
- पालिका भित्र अवस्थित विद्यालयहरुमा आवश्यक दरवन्दि थप गर्ने आवश्यक्ता पहिचान गरि सम्बन्धित निकायमा पहल गरिने छ ।
- नगर भित्रका कुनै पनि बालबालिका विद्यालय जानबाट बञ्चित नहुन नछुट्नका लागि शैक्षिक भर्ना अभियान संचालन गरिनेछ ।
- विद्यालय क्षेत्र विकास कार्यक्रम मार्फत विद्यालय शिक्षालाई समतामूलक र गुणस्तरीय बनाँउदै विद्यालयहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ ।
- विभिन्न विद्यालयहरुको पूर्वाधार सुधारका लागि मर्मत सम्भारका साथै फर्निचर तथा अन्य आवश्यक उपकरणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- छात्राहरुको अनुपस्थित दर घटाउन कक्षमा स्वच्छ वातावरण प्रवर्द्धन तथा महिला र अपाङ्गमैत्री शौचालय निर्माणमा जोड दिइनेछ ।
- नगर शिक्षा विकासको लागि सामुदायिक र संस्थागत विद्यालयका बिचमा गुणस्तरियता र पहुचमा समानता स्थापित गरि विभेदपुर्ण शिक्षा प्रणाली अन्त्य गर्न क्रमागत रुपमा सबै सामुदायिक बिद्यालयहरुमा अंग्रेजी माध्यमबाट छुटै पठनपाठनको व्यवस्था मिलाईनेछ ।
- नगर भित्रका कुनै पनि बिद्यालयमा शिक्षक तथा कर्मचारी रिक्त भएमा तत्काल कानुन बमोजिम पदपूर्ति गर्ने व्यवस्था गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति गठनमा सहजीकरण गर्ने नीति लिईने छ ।
- विद्यालयमा विधार्थी संख्या कम भएको तथा शिक्षक अनुपात बढी भएको विद्यालयहरुलाई एक आपसमा गाभ्न नीति लिईनेछ ।

- नगर शिक्षा समितिबाट विद्यालय सुधार योजना समिति गठन गरि कार्यान्वयन गर्नका लागि प्रोत्साहन गरिने छ ।
- कक्षा. ८, ९, १०, र १०+२ तथा प्राविधिक तिरका विद्यार्थीलाई दिँदै आएको छात्रवृत्तिलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विधालयमा शिक्षकको कमीलाई मध्य नजर गर्दै नगर शिक्षक भर्नाको लागि कार्यविधि बनाई नगर शिक्षक भर्ना गर्ने कार्यलाई प्राथमिक्ता दिईनेछ ।
- विधालयको जनशक्ति, भौतिक पूर्वाधार आदिको आधारमा स्तरोनन्ती गरिनेछ ।
- विधार्थीहरुमा लागु पदार्थ दुर्व्यसन सम्बन्धी जनचेतना मुलक कक्षाहरु संचालन गरिनेछ ।
- स्थानीय उत्पादनको प्रवर्द्धन तथा विधार्थीहरुको पोषण सुरक्षाका लागि दिवा खाजामा स्थानीय उत्पादनलाई विषेश प्राथमिकता दिइनेछ ।
- पोखरिया नगरपालिका भित्रका सामुदायिक विद्यालयको शैक्षिक, भौतिक एंव समग्र विकासको लागि नगर प्रमुख शैक्षिक सुधार कार्यत्रम लागु गरिनेछ ।
- विद्यालयहरुमा शैक्षिक सामग्री र खेल सामग्रीको व्यवस्थापन गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरुमा उच्चस्तरीय क्षमता, दक्षता र नैतिकता अभिवृद्धिका लागि अध्ययन अवलोकन भ्रमण कार्यत्रम संचालन गराईनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिका तथा किशोर-किशोरीहरुको लागि वैकल्पिक शिक्षा कार्यत्रम सञ्चालन गरिनेछ ।
- अभिभावक शिक्षा तथा समुदाय परिचालन सम्बन्धी नीति ल्याइनेछ ।
- प्रारम्भिक बालविकास केन्द्र शिक्षिकहरुको लागि क्षमता विकास कार्यान्वयनमा ल्याईनेछ ।
- एस.ई.ई. र +2 मा उत्कृष्ट अंक हासिल गर्ने एक/एक जना छात्रा र छात्रलाई सम्मान सहित पुरस्कृत गरिनेछ ।

## कृषि तथा पशु सेवा तर्फ

- नगरक्षेत्रमा रहेका अगुवा कृषकहरुको लगत तयार गरि निजहरुलाई कृषि अभियन्ताको रुपमा परिचालन गरिनेछ साथै अध्ययन अवलोकन भ्रमण गराईनेछ ।
- माटो परिक्षणको दायरा विस्तार गर्नका साथै बाँझो जग्गा र नदी उकासबाट आएको जग्गा आवाद गर्न प्रोत्साहित गरि वगर खेती प्रणालीको विकास गर्ने नीति लिईने छ ।
- व्यवसायिक रुपमा गरिने बेमौसमी तरकारी खेतीका लागि सिंचाई सुविधा उपलब्ध गराउन बोरिङ्गको व्यवस्था थप विस्तार गरिने छ ।
- कृषि पेशामा संलग्न वास्तविक कृषकहरुको बिवरण संकलन तथा कृषक वर्गीकरणको आधार तयार गरि कृषक परिचयपत्र वितरण कार्यलाई अगाडि बढाईनेछ ।
- नगर क्षेत्र भित्रको पोखरी र ईनारलाई पुर्न नपाउने गरि जल क्षेत्रको संरक्षणमा जोड दिईनेछ ।

| |
|---|
| समग्र कृषि तथा तरकारी खेती, मसला खेतीको विकासको लागि पकेट क्षेत्र पहिचान गरी विकासको लागि विविध विउ वितरण, जैविक मल वितरण, चुन तथा स्प्रेयर टंकी निशुल्क तथा समयमा अनुदानमा वितरण गर्ने नीति लिईने छ । |
| यस नगर क्षेत्रका कृषकहरुलाई आवश्यक पर्ने मल खाद्य विउ विजन सहज रुपमा उपलब्ध गराउन पोखरिया स्थित साविकका साझा संस्था मार्फत एकद्धार प्रणाली लागु गरि सर्व सुलभ रुपमा मल खाद्य विउ विजन तथा कृषी जन्य सामाग्री उपलब्ध गराईनेछ । |
| कृषि मिटरको व्यवस्थापनका लागि खेत खेतमा बिधुतीकरण गरि कृषि क्षेत्रको सबलीकरण गरिनेछ । |
| कृषि मिटरको निशुल्क व्यवस्थापनको लागि पहल गरिनेछ र बोरिंग जडान गरि सिचाई व्यवस्थापनमा जोड दिईनेछ । |
| महिला कृषकहरुलाई प्रविधिमा आधारित भई उत्पादन र उत्पादकत्वका लागि कार्यक्रम ल्याइनेछ । |
| पशु बिमाको दायरा विस्तार गर्न सम्बन्धित कृषकहरुलाई अभिमुखीकरण गरिने र सम्भावित पशु रोगको रोकथाम गर्ने नीति लिईने छ । |
| स्थानीय पशुपंक्षी संरक्षण, प्रर्वद्धन र नश्ल सुधार कार्यक्रमलाई विस्तार गरि व्यवसायिक पशुपालनका लागि पशुपंक्षी पकेट क्षेत्र निर्धारण गरिनेछ । |
| मत्स्य पालनलाई प्रोत्साहन दिनुका साथै आयातित माछालाई निरुत्साहित गर्ने नीति लिईने छ । |
| दुधको लागत मुल्य घटाउनको लागि घाँसबाली लगाउने कार्यलाई प्रोत्साहित गरिनेछ र उन्नतजातका पशुपालन गर्नेलाई प्रोत्साहन गरिने छ । |
| पोखरिया कृषि महोत्व संचालन गरिनेछ । |
| घुम्ती पशु शिविर तथा कृषि शिविर संचालन गर्न प्राविधिक टोली परिचालन गरिनेछ । |
| पोखरिया नगरपालिका भित्र रहेका कृषकहरुलाई अनुदानमा उनत विउ, किटनाशक औषधि र स्प्रे मेसिन वितरण गर्ने नीति लिईने छ । |
| बैज्ञानिक कृषिको लागि सम्भाव्यता अध्ययन गर्न विज्ञको सहभागिता बैज्ञानिक कृषिलाई अगाडि बढाइनेछ । |
| कृषकको प्रमुख समस्याको रुपमा रहेको बिउ विजन तथा मलको सम्बन्धमा सहज आपुर्तीको लागि संघ र प्रदेश सरकारसंग पहल एवं समन्वय गरिनेछ । |
| “एक घर र एक करेसाबारी “ कार्यक्रम अन्तर्गत कृषकहरुलाई कृषि सामग्री उपलब्ध गराइने छ । |
| व्यवसायिक कृषि फर्म स्थापना गरेका व्यक्ति तथा व्यवसायीहरुलाई उन्नत प्रविधि अपनाउन प्रविधि तथा औजार उपलब्ध गराइनेछ । |

## सामाजिक विकास तर्फ

- महिलाहरुलाई प्रत्यक्ष रुपमा लाभ हुने उत्पादन मुलक र आय मुलक तालिम दिई आत्म निर्भर बनाउने खालको रणनितिक योजना बनाई दिर्घ कालिन रुपमा तालिम संचालन गरी नया उद्यमि सृजना गर्ने नीति लिईने छ ।
- युवा, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिलाहरुको क्षमतामा बिकास हुने खालको कार्यक्रम संचालन गरिनेछ ।
- समुदायमा पछाडी परेका वा पारिएका समुदायहरुलाई समाजको मुल प्रवाहमा ल्याई उनिहरुको चौतर्फि बिकासको लागी क्षमता विकासका बिभिन्न किसिमको कार्यक्रमहरु संचालन गरिनेछ ।
- पालिकामा बिभिन्न दातृ निकायहरुलाई सामाजिक बिकासको कार्यक्रम संचालनको लागी पालिका बाट सहयोग गरिनेछ ।
- बाल बिवाह, दाईजो प्रथा, लैगिक हिसा , सामाजिक समाबेसिकरण जस्ता विषयमा जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- बिभिन्न किसिमको राष्ट्रिय,तथा अन्तराष्ट्रिय दिवस मनाउनको लागी बजेटको व्यावस्थापन गरिनेछ ।
- स्थानीय स्तरमा सबै जनताको पहुँच अभिबृद्धि हुने योजनालाई प्राथमिक्ता दिईनेछ ।
- सामाजिक सदभाव कायम राख्ने तथा नागरिक अधिकार र सरोकारका विषयमा जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- बालबिवाह,मानव बेच बिखन तथा ओसारपसार यौन हिंसा न्युनिकरणका लागि जनचेतना मुलक कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
- सामाजमा बिधमान रहेको लागु औषध दुरुपयोग तथा ओसारपोसार नियन्त्रण समबन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## महिला शशक्तिकरण, वालवालिका तथा ज्येष्ठ नागरिक

- महिला, बालबालिका, किशोरीहरु, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई हुने हिंसा नियन्त्रणको लागि निरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरु संचालन गरिने छ ।
- बालबालिका तथा किशोर किशोरीहरुलाई लक्षित अतिरित्त क्रियाकलापहरु संचालनको माध्यमबाट बौद्धिक तथा शारिरिक विकासमा जोड दिईनेछ ।
- नगर क्षेत्रभित्रका असहाय, अनाथ, बालबालिकाहरुको पहिचान गरि उनीहरुको संरक्षणका नीति कार्यान्वयनमा ल्याईनेछ ।
- लैङ्गिक मैत्री नगरपालिका घोषणाको लागी कार्यसम्पादन सुचकमा आधारित विभिन्न कार्यक्रमहरु संचालन गरिनुका साथै महिला, अपाङ्ग, लैंगिक अल्पसंख्यक समुदाय तथा व्यक्तिहरुको शसक्तिकरणका लागि विशेष किसिमका कार्यत्रहरु संचालन गरिनेछ ।

| |
|---|
| ➕ बालमैत्री स्थानीय शासनको अवधारणा अनुरुपका कार्यक्रमहरु संचालन गरिनेछ । |
| ➕ महिलाहरुको आर्थिक रुपान्तरणका लागि लघु उद्यम विकास तथा बजार प्रवर्द्धन कार्यत्रमलाई प्रभावकारी बनाइनेछ । |
| ➕ बालबालिका, असहाय, अनाथ, अशक्त र मानसिक असन्तुलन भएका नागरिकहरुको लागि पुनः स्थापना केन्द्रको संचालनको गैर सरकारी संस्थासंग सहकार्यको लीगि नीति लिईने छ । । |
| ➕ प्रत्येक वडामा बाल अधिकार मञ्च गठन गर्न पहल गरिने छ । |
| ➕ दलित समुदायको क्षमता विकास गरि परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरणको लागि अनुदानमा पेशागत सामग्रीहरु उपलब्ध गराउने नीति अवलम्बन गरिने छ । |

## युवा तथा खेलकुद तर्फ

| |
|---|
| ➕ खेलकुद विकासका लागि विद्यालय तह तथा वडा देखि नै योजनावद्ध कार्यत्रम संचालन गरिनेछ । |
| ➕ वडा नं. ६ मा रहेको स्थानिय ( शेरा फिल्ड ) खेलकुद मैदानको बिस्तृत आयोजना प्रतिवेदन (DPR) बमोजिमको पूर्वाधार निर्माण गर्न संघीय तथा प्रदेश सरकारसंग पहल गरिनेछ । |
| ➕ युवामा नैतिकता र चारित्रिक गुण तथा अनुशासनको विकास गरि परिवार, समाज र राज्यप्रतिको दायित्व बोध गराउने एवम् श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्ने नीति लिईने छ । |
| ➕ कर्मचारी तथा जन प्रतिनिधि बीचको सम्बन्ध प्रगाढ बनाउन कर्मचारी र जनप्रतिनिधि फुटबल खेलको आयोजना गरिनेछ । |
| ➕ यूवाहरुलाई खेल कुदमा आकर्षण गर्न खेल कुद सामग्री वितरण गरिनेछ । |
| ➕ पालिका भित्रका खेल मैदानहरुलाई स्तरोन्नती गर्दै महिला खेलाडी उत्पादनमा विशेष जोड दिइनेछ । |

## वातावरण तथा विपद व्यवस्थापनः

| |
|---|
| ➕ संविधान अनुरुप स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिक हकलाई सरसफाई तथा स्वच्छता प्रवर्धन कार्यत्रम संचालन गरिनेछ । |
| ➕ फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण र जलवायु अनुकूलको कार्यकमहरु संचालन गरिनेछ । |
| ➕ सडक किनार, ऐलानी, पर्ती, सार्वजनिक जग्गाहरुमा बृक्षारोपण गरि सौन्दर्यीकरण प्रवर्धन गरिनेछ । |
| ➕ विपद व्यवस्थापनका लीगि विपद प्रतिकार्यको कार्ययोजना बनाई प्रभावकारी बनाईने छ । |
| ➕ जाडो मौसममा शितलहरबाट विपन्न नागरिकहरुलाई जोगउनको लागि कम्बल वितरण गरिनेछ । साथै चौक, सार्वजनिक स्थलमा दाउरा बाल्ने कार्यत्रमलाई निरन्तरता दिईनेछ । |

- बारुण यन्त्र व्यवस्थित रुपमा संचालन गर्न बारुण यन्त्र संचालन कार्यविधि बनाईने छ । बारुण यन्त्र सेवा अन्य छिमेकी गाउँपालिका नगरपालिका समेतलाई उपलब्ध गराउनु पर्ने तर दायित्व यस नगरपालिकालाई मात्र पर्ने भएकोले छिमेकी स्थानिय तह सँग समन्वय गरि वारुण यन्त्र संचालन कोष स्थापना गरिनेछ ।
- नगरस्तरीय विपद् व्यवस्थापन समितिलाई थप क्रियाशिल गराईनेछ भने श्रोत परिचालन गर्न कोषको व्यवस्था मिलाईनेछ ।
- नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा वातावरणीय र प्राकृतिक स्रोतहरुमा पर्न सक्ने प्रभाव न्यूनीकरणको नीति अवलम्बन गरिने छ ।
- नगर विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरि लागू गरिने छ ।
- जलवायु परिवर्तन अनुकुलन तथा विपद् रोकथाम तथा न्यूनीकरण सम्बन्धि सचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद् न्यूनीकरण र जोखिममा रहेकाहरुको उद्धारको लागि नगरपालिकामा उपलब्ध जनशक्ति, सामग्री र विपद् व्यवस्थापन कोषको परिचालन माध्यमबाट तत्काल उद्धार गर्ने व्यवस्था गरिनेछ ।

## पुर्वाधार विकास :

- पोखरिया नगरपालिकाको नगर विकास योजनाको कार्यलाई कार्यान्वयनमा ल्याउन संघ र प्रदेश सरकारसंग साझेदारी निर्माण गरिने छ ।
- नगर गौरवका आयोजनाहरु कार्यान्वयन गर्न संघीय र प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।
- पोखरियालाई सुन्दर र पर्यटकीय हिसाबले आकर्षक शहर बनाउन घण्टाघर निर्माणको DPR निर्माणको कमा अगाडी बढाइनेछ ।
- खोप केन्द्र तथा शहरी स्वास्थ्य केन्द्र संचालनका लागि भवन नभएका स्थानहरुमा भवन निर्माणको लागि आवश्यक जग्गा प्राप्त गरि भवन निर्माण तथा विस्तार गर्ने नीति लिईने छ ।
- विकासको मेरुदण्ड सडक भएको तथा शहरी सौन्दर्यतामा सडकको महत्वपूर्ण भूमिका भएकोले पक्की सडक निर्माण तथा ढल निकासको लागि योजनाबद्ध प्रयासहरु गरिनेछ ।
- पोखरिया बजारमा रहेको ऐतिहासिक शिवमन्दिरको प्राङ्गणमा पार्क निर्माण गरिनेछ ।
- बसपार्क निर्माणको लागि जग्गाको पहिचान गर्दै विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्य अगाडि बढाइने छ ।
- सडक बत्ती व्यवस्थापन तथा सुधारका लागि आवश्यक कार्यहरु अगाडि बढाइनेछ । क्रमश सडक बत्तीलाई सौर्य उर्जामा रुपान्तरित गर्दै लगिनेछ ।
- गुणस्तरीय पूर्वाधार निर्माण सुनिश्चित गर्न क्वालिटी कन्ट्रोलको व्यवस्था मिलाईनेछ र साथै ठेक्का प्रक्रियालाई ई-विडिङ्ग प्रकियालाई सुनिश्चित गरिने छ ।

- पुर्वाधार निर्माण अघि नक्सा पास प्रक्रियालाई अनिवार्य गरिनेछ र सडक स्तरोन्नतीको लागि मापदण्ड तयार गरिनेछ ।
- अधुरो योजनाहरुलाई प्राथमिकतामा राखी सम्पन्न गरिनेछ ।
- पोखरिया नगरपालिका वडा नं ४ र ९ मा पर्ने हनुमान मन्दिरको पश्चिमपट्टी पर्ने पोखरिमा सूर्य मन्दिर निर्माण गरिने छ ।
- पोखरीया नगरपालिकाको बजार क्षेत्रमा सवारी साधनलाई व्यवस्थित गर्न प्रहरीको सहभागितामा ट्राफिक प्रहरीसंग समन्वय गरि सवारी साधानलाई व्यवस्थित गरिने छ ।
- पशु सेवा शाखा कार्यालयलाई स्तोरउन्नती र सेवाको विविधिकरण गरिने छ ।
- नगरपालिकामा नगरबासीलाई सुरक्षित स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानी संस्थाहरुको सहकार्यमा एकिकृत खानेपानी योजना निर्माणमा आवश्यक पहल गरिनेछ ।
- उज्यालो पोखरिया कार्यक्रम तथा नगर सौन्दर्यीकरण अभियानलाई निरन्तरता दिईनछ ।
- नगरपालिका भित्र रहेका सार्वजनिक तथा ऐलानी जग्गा संरक्षण, प्रवर्द्धन तथा व्यवस्थापन गर्न नगर स्तरीय अधिकार सम्पन्न समिति गठन गरि त्यस प्रकृतिका जग्गाको पहिचान गर्दै नगर मातहतमा ल्याउन तादरुकताका साथ अगाडी बढाईनेछ ।

## भवन तथा शहरी विकास:

- नगरको मुख्य बजार लगायतका अन्य संम्भावित बजार क्षेत्रहरुमा निर्माण गरिने भवनहरुलाई मापदण्ड अनुरुप निर्माण गर्ने गरि मात्र अनुमति दिईनेछ ।
- यस नगरको बस्ती विकासलाई व्यवस्थित गर्न सरोकारबालाहरुसंगको समन्वय र सहकार्यमा विस्तृत आयोजना प्रतिवेदन तयारी कार्य सम्पन्न गरिने छ ।
- नगर प्रहरी तथा फायरमेन आवासको लागि नयाँ भवन निर्माणलाई प्राथमिक्ता दिईने छ ।
- संघ तथा प्रदेश सरकारबाट संचाालन हुने सुरक्षित आवास कार्यक्रमको लागि समन्वय गरिनेछ ।

## सडक तथा पुल

- नगरक्षेत्रभित्र निर्माण संचालनमा आएका पुलहरुको संरक्षणको व्यवस्था मिलाईनेछ, साथै आवश्यक्ता अनुसार नया पुलहरु निर्माणका लागि संघिय र प्रदेश सरकारसंग माँग गरिनेछ ।
- यस अघि कार्य आरम्भ भई हालसम्म कार्य सम्पन्न नभएका सडकहरुको क्रमागत रुपमा सम्पन्न गर्ने, पुराना सडकहरुको स्तरोन्नती गर्ने नितीलाई कार्यान्वयन गरिनेछ ।
- नगरपालिका क्षेत्रमा थप सडक निर्माण गर्नुपर्दा सडक गुरु योजना तथा विस्तृत आयोजना प्रतिवेदन DPR लाई मुख्य आधार बनाईने छ ।

- नगरपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयहरुको केन्द्र र नगरका मुख्य व्यपारिक केन्द्रसम्म जोड्ने सडकलाई बाह्रै महिना संचालनमा आउने गरि स्तरोन्नती गर्न प्राथमिकता दिईनेछ ।

## संचार तथा सूचना प्रविधि

- नगरपालिकासंग सम्बन्धित सूचनामा नागरिकको पहुँचका लागि नगरसंग सम्बन्धित सूचनाको नगरपालिकाको वेवसाईट तथा पत्रकार भेटघाट कार्यक्रम संचालनको व्यवस्था गरिनेछ ।
- नगरबासी सरोकारवालाहरुको अध्ययन तथा अध्यापन सहजताका लागि नगरपालिकामा संचालनमा रहेको पुस्तकालयलाई सुदृढीकरण गरि E-Library को विकास गर्ने नीति लिईने छ ।
- स्थानीय पत्रपत्रिका तथा एफ.एम. रेडियो संचालनलाई प्रोत्साहन गरिनेछ ।
- सूचनाको हक सम्बन्धि व्यवस्थालाई कार्यान्वयन गर्दै पारदर्शी र खुल्ला सरकारको अवधारणलाई कार्यान्वयनमा ल्याइनेछ ।
- आगामी आर्थिक बर्षमा ईन्टरनेटको सुविधा दशवटै वडा कार्यालयमा अझ प्रभावकारी बनाउने नीति लिईएको छ ।
- सूचनाको हकलाई प्रभावकारी बनाउन सम्बन्धित सम्पुर्ण सूचनाहरुलाई वेवसाईटमा अपलोड गर्ने नीति अवलम्बन गरिनेछ ।
- सार्वजनिक सुनुवाईको कार्यत्रmमलाई बार्षिक कार्ययोजना बनाई मासिक रुपमा संचालन गरिनेछ ।

## सामाजिक सुरक्षा तथा पंजिकरण

- उमेर पुगेका लाभग्राहीहरुको विवरण अनलाईन दर्ता गरि बैंक खाता मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिदै लगिनेछ ।
- अनलाईन पासपोर्टको फरम दर्ता र अनलाईन राष्ट्रिय परिचयपत्रको फारम दर्ता गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- राजस्व सम्बन्धि तालिम दिई कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।
- राष्ट्रिय परिचयपत्र वितरण गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- वडा १ देखि १० सम्मका वडा कार्यालयमा अनलाईन घटनादर्ता सम्बन्धि सर्भरमा आएका समस्याहरु समाधान गरिदै लगिनेछ ।

## फोहोर व्यवस्थापन

- पोखरिया नगरपालिका तथा छिमेकी पालिकाहरुसंग समन्वय तथा साझेदारीमा ल्याण्ड फिल्ड साईटको निर्माण गरि फोहोर व्यवस्थापन को समस्यालाई दीर्घकालीन रुपमा समाधान गरिनेछ ।

- प्रदूषकले कर तिर्न पर्दछ भन्ने सिद्धान्त बमोजिम संयन्त्र तयार गरि कार्यान्वयन गरिनेछ ।
- सार्वजनिक स्थानहरुमा शौचालय निर्माण योजना अघि बढाईनेछ ।
- प्राङ्गारिक मल उत्पादनका माध्यबाट नगरपालिकामा उब्जिएका फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने कार्यक्रम को खाका तयार गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- सार्वजनिक निजी र सामुदायिक साझेदारीको निति अवलम्बन गरि फोहोरमैला व्यवस्थापन गर्न पहल गरिनेछ ।
- पसल, बजार तथा घरहरुबाट निस्कने फोहोरलाई उत्पतिकै स्थलबाट सडने र नसडने गरी छुट्टाछुट्टै राख्ने, संकलन गर्ने तथा सडने फोहौरलाई कुहाई जैविक मल बनाउने तर्फ विभिन्न कार्यक्रमहर संचालन गरिनेछ ।
- "हाम्रो पोखरीया स्वच्छ सफा, हराभरा, राम्रो पोखरिया" नाराको साथ बजार क्षेत्रमा प्रत्येक पसलको आफ्नो अगाडी डष्टबिन को व्यवस्था गर्नुपर्ने नीति अवलम्बन गरिने छ ।
- बजारक्षेत्र फोहोर गर्ने व्यक्ति वा संस्थालाई जरिवाना गर्ने तथा कानुनी कारवाही गर्ने व्यवस्था मिलाइने छ ।

## राजस्व परिचालन

- सुत्रको माध्यमबाट अनलाईन सम्पति तथा नगदी रसिद काट्ने व्यवस्था सहज बनाईने छ ।
- सार्वजनिक पोखरीहरुको अवस्थालाई सफाई तथा संरक्षण गरि आय आर्जनका कार्यक्रम ल्याईनेछ ।
- नगरपालिका भित्र रहेका सबै व्यवसायहरुलाई करको दायरा भित्र ल्याउन आवश्यक नीति अपनाइनेछ र कडाइका साथ लागू गरिनेछ ।
- नगरभित्र रहेको ऐलानी जग्गामा बनाएका संरचनाहरुलाई नियमानुसार खाली गराई जग्गा संरक्षण गरिनेछ ।
- करको दायरा विस्तार गर्ने र करको दरलाई परिमार्जन गरि आन्तरिक राजस्व वृद्धि गरिनेछ ।
- असल करदाता तथा अधिकत्तम कर संकलन गर्ने कर्मचारीलाई वार्षिक रुपमा प्रात्साहन स्वरुप सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरक्षेत्रभित्र संचालनमा आएका र आउने प्रत्येक बैंक, वितिय संस्था, बिमा कम्पनी लगायतका बिभिन्न निजी क्षेत्रबाट संचालित संस्थाहरुको तथ्याङक अध्यावधिक गरि करको दायरामा ल्याईनेछ ।
- नगरपालिकाको आन्तरिक आयमा सुधार ल्याउन करदाता शिक्षा र कर सप्ताह जस्ता अभियान संचालन गरिनेछ ।

| |
|---|
| नगरपालिकाका तथा वडाका कर्मचारीले सेवाग्राहीलाई सुलभ तथा सजिलो तरिकाले सेवा उपलब्ध गराउन क्षमता अभिबृद्धि तालिम प्रदान गरिनेछ । |
| नगरपालिका रहेको बजार अनुगमन समितिलाई सक्रिय बनाई बजार क्षेत्र व्यस्थित गर्न समय समयमा अनुगमन गरिनेछ । |
| नगरपालिका अन्तर्गत रहेका सवारी यन्त्रहरु जस्तै जे.सि.बी सकसन (सरसफाई मेसिन) लगाएत प्रयोगमा ल्याई नियमानुसार शुल्क तिरेर संचालनमा ल्याइनेछ । |
| पोखरिया नगरपालिका भित्र रहेका सार्वजनिक पोखरीहरुलाई माछापालनको लागि टेन्डर प्रकृयाबाट ठेक्का बन्दोबस्त गरी आन्तरिक राजश्व बृद्धि गरिनेछ । |

## नगर विकास कार्यक्रम

| |
|---|
| पोखरिया नगरविकास जग्गा एकिकरण आयोजनालाई सम्पन्न गर्ने नीति लिईने छ । |
| पोखरिया नगरविकास जग्गा एकिकरण आयोजनालाई आवश्यक श्रोत र साधनको व्यवस्था मिलाईनेछ । |
| पोखरिया नगरविकास जग्गा एकिकरण आयोजनाको लागि छुटै कोषको व्यवस्था मिलाईनेछ । |

## वितिय व्यवस्थापन तथा वित्तिय जोखिम न्यूनिकरण

| |
|---|
| एक पटक स्वीकृत भैसकेको बार्षिक कार्यक्रमलाई सोही आ.व.मा संशोधन गर्ने परिपाटीलाई निरुत्साहित गरिनेछ । |
| सार्वजनिक खर्चहरुलाई पारदर्शी, जवाफदेही, विश्वसनीय र पूर्व अनुमान योग्य बनाईनेछ । |
| वित्तीय अनुशासन कायम गर्न मितव्ययिता, पारदर्शिता र गुणस्तरलाई उच्च प्राथमिकता दिईने छ । |
| निरन्तर रुपमा बृद्धि हुदै गएको चालु खर्चलाई न्यूनीकरण गर्ने उपाय अवलम्बन गरिनेछ । |
| बेरुजु सम्परिक्षण तर्फ विशेष ध्यान दिई बेरुजु न्युनिकरण गरिनेछ । साथै बेरुजु न्युनिकरणमा बाधा पुर्याउने कर्मचारीहरुलाई वा अन्य संघ संस्थाहरुलाई कानुनको दायरामा ल्याई कारवाही गरिनेछ । |
| चालु आ.व. सम्ममा रहेका पेश्कीलाई फर्छयौट गरि बेरुजु न्युनिकरण गरिनेछ । |
| प्रत्येक आ.व.को चौमासिक रुपमा आन्तरिक लेखा परिक्षण गरि वित्तिय व्यवस्थापनमा जोड दिईनेछ । |
| कार्यालयको खर्च प्रणालीमा नियमितत्ता, मितव्ययित्ता, प्रभावकारिता, पार्दर्शिता र औचित्यता स्थापित गर्न आन्तरिक लेखा परिक्षणको व्यवस्था मिलाईने छ । |

- कर्मचारीलाई कार्यक्रम/योजना सम्बन्धी कागजात व्यवस्थापन सम्बन्धि तालिम दिईनेछ ।

## श्रम र रोजगार

- स्थानीय सरकारले संचालन गर्ने योजना तथा कार्यक्रममा रोजगारी र गरिवी निवारण सम्बन्धि कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- सरोकारवालाहरुसंगको साझेदारीमा नगरपालिका क्षेत्रभित्र सम्भावित रोजगारीका क्षेत्रहरु पहिचान गरि रोजगारमुलक कार्यक्रम संचालन गर्ने प्रयास गरिनेछ ।
- स्थानीय श्रोत साधनको अधिकतम उपयोग, दक्ष जनशक्ति निर्माण, तालिम र क्षमता विकास तथा लघु उद्यम विकास गरि रोजगारीको सिर्जना गर्न पहल गरिनेछ ।
- बेरोजगार युवाहरुलाई लक्षित गरि घरेलु तथा साना र मझौला एवम् उत्पादनमूलक उद्योग स्थापना गर्न तालिमहरुको व्यवस्था गरिनेछ ।
- नयाँ रोजगारको तथा स्वरोजगारीको क्षेत्रहरुको खोजि गरिनेछ र औद्योगिक क्षेत्रहरुसंग समन्वय गरि नागरिकहरुलाई ५० दिन शिप तालिम उपलब्ध गराई दिर्घकालिन रोजगारी उपलब्ध गराईनेछ ।
- यस नगारपालिकालाई बालश्रम मुक्त गर्ने नीति लिईनेछ ।
- यस पोखरिया नगरपालिकाको लागि रोजगार दिर्घकालिन रणनिति तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।
- बैदेशिक रोजगारसंग सम्बन्धित पुनः श्रम स्वीकृती, मनोसामाजिक परामर्श सेवा, तथा बैदेशिक रोजगार उतपिडनमा रहेका नेपाली नागरिकलाई उद्धार प्रक्रियामा सम्बन्धित निकायसंग समन्वय गरि उद्धार गर्ने नीति अवलम्बन गरिनेछ ।

## धर्म संस्कृति तथा पर्यटन

- पर्यटन प्रवर्द्धनका सम्भावित क्षेत्रहरुको पहिचान गरि आन्तरिक तथा बाह्य पर्यटक लक्षित कार्यक्रमहरुको अवधारणा कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ ।
- सबै समुदायको धार्मिक र सांस्कृतिक मूल्य र मान्यताको सम्मान गर्ने बातावरण सृजना गरिनेछ ।
- कला र साहित्यको सृजना तथा प्रवर्द्धन गर्न बिभिन्न कार्यक्रमहरु संचालन गर्ने व्यवस्था गरिनेछ ।
- विभिन्न जातजाती, समुदाय, धर्म संस्कृतिका पर्व लगायतको सम्वर्द्धन गरिनेछ ।
- पोखरिया शिव, हनुमान, रामजानकी, मठमंदिर तथा मस्जिद विकास कार्यविधि तयार गरि व्यवस्थापन समिति गठन गरिनेछ ।

- पोखरिया नगरपालिका वडा नं. ८ र ९ मा पर्ने भेदराहामा निर्माण हुन लागेको मधेश प्रदेशकै गौरवका योजना माटोपार्कलाई निरन्तरता दिन मधेश प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

## विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

- मौसमी प्रकोप, बाढी, शीतलहर, हावाहुरी, आगलागी, लुह जस्ता प्रकोपको बारेमा स्थानीय संचार माध्यम, पालिकाको वेबसाइट तथा सामाजिक संजालका माध्यमबाट नियमित जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- गर्मी तथा सुखायाममा हुने खानेपानी तथा सिंचाईको समस्यालाई समाधान गर्ने निती लिईनेछ ।
- अग्नि नियन्त्रणमा कार्यरत जनशक्तिको लागि प्रशिक्षण तालिम संचालन गरिनेछ ।
- वडा १ देखि वडा १० सम्म वातावरण तथा विपत सम्वन्धी जनचेतना संचालन गरिनेछ ।
- गर्मी याममा सर्प दंशबाट बच्नको लागि जनचेतना कार्यक्रम संचालन गरिनेछ ।
- विपत तथा जोखिमको काममा दिन-रात खटने कर्मचारीलाई इन्स्योरेन्सको व्यस्थापन गरिनेछ ।

**श्रीमान् नगरसभा अध्यक्षज्यू र सदस्यज्यूहरु**

अब म अगामी आ.व. २०८३/०८४ को आय अनुमान पेश गर्न चाहन्छु ।

| सि.न. | बजेटको श्रोत | बार्षिक अनुमानित आय |
|---|---|---|
| १ | नेपाल सरकार - समानिकरण अनुदान - नगद अनुदान | १०,७०,००,००० |
| २ | नेपाल सरकार - शसर्त अनुदान चालु - नगद अनुदान | २१,४१,००,००० |
| ३ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत - नगद अनुदान | ५६,००,००० |
| ४ | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत - नगद अनुदान | २६,००,००० |
| ५ | नेपाल सरकार - विशेष - नगद अनुदान | ९७,००,००० |
| ६ | मधेश प्रदेश - समानिकरण अनुदान - नगद अनुदान | ७३,८२,००० |
| ७ | मधेश प्रदेश - विषेश अनुदान पुँजीगत - नगद अनुदान | २०,००,००० |
| ८ | मधेश प्रदेश - समपुरक अनुदान पुँजीगत - नगद अनुदान | ४०,००,००० |
| ९ | राजस्व बाँडफाँड - प्रदेश सरकार - राजस्व बाँडफाँड - नगद | ७४,२८,००० |
| १० | राजस्व बाँडफाँड - संघीय सरकार - राजस्व बाँडफाँड - नगद | ९,६३,७०,००० |
| ११ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | ९०,००,००० |
| १३ | मालपोत परापत राजस्व | २,००,००,००० |
| | **जम्मा रकम** | ४८,५१,८०,००० |

**श्रीमान् अध्यक्षज्यू लगायत सभासदज्यूहरु ।**

अन्त्यमा, यस बजेट तर्जुमा प्रत्यक्ष अप्रत्यक्ष मार्गदर्शन तथा सहयोग गर्नुहुने नगरप्रमुख ज्यू, नगर उप प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न राजनितीक दलका प्रतिनिधी ज्यूहरु, वुद्धिजीवी, सरकारी तथा गैर सरकारी संघ-संस्थाहरु, पत्रकार ज्यूहरु लगायत अन्यमा हार्दिक आभार प्रकट गर्दछु । विभिन्न बिषयगत समिति तथा कार्यपालिकामा छलफबाट प्राप्त सुझावका आधारमा बजेट तर्जुमा गरिएको छ नगरको चौतर्फी विकास र सम्वृद्धिमा निरन्तर सदभाव र सहयोग पुऱ्याउने आम नगरबासी, करदाता, विकास साझेदार, सरकारी तथा गैरसरकारी सरस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यन्वयनमा सबैको सहयोगको अपेक्षा गरेको छु ।

# धन्यवाद

# पोखरिया नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## पोखरिया, पर्सा

## मधेश प्रदेश, नेपाल